# बालश्रम बन्द गरौं

## यो सामाजिक तथा कानुनी अपराध हो



विश्वमा भएका बालश्रमिकहरूको १ प्रतिशत बालबालिकाहरु नेपालमा छन् । नेपालमा १६ लाख बालबालिकाहरु श्रम शोषणमा छन्, त्यसमा ९ लाखको संख्या बालिकाहरूको छ । (श्रम शक्ति सर्वेक्षण, २०६६)



६ लाख २१ हजार बालबालिकाहरु जोखिमपूर्ण श्रममा छन् भने श्रममा रहेका बालबालिकाहरु विभिन्न किसिमका दुर्व्यवहार र हिंसामा पर्न सक्ने जोखिम रहन्छ ।



घरेलु श्रममा संलग्न बालबालिकाहरु मध्ये ५६.८५ बालबालिकाहरु यौनदुर्व्यवहारमा परेको पाइएको छ ।



काठमाण्डौ उपत्यकामा मात्र प्रत्येक १९ घर मध्ये १ घरमा बालबालिकाको प्रयोग भएको देखिएको छ (सिविस, २००९) ।



अझै पनि ४५ प्रतिशत भन्दा बढी बालबालिकाहरु विद्यालय जानबाट वञ्चित रहेका छन् ।

## हाम्रो अनुरोध

बालबालिकालाई श्रममा संलग्न गराउनु कानुनी तथा सामाजिक अपराध हो । बालश्रमको प्रयोग गरेमा श्रम कार्यलय मार्फत दण्ड सजाय व्यवस्था सहितको सूचना भर्खरैमात्र श्रम मन्त्रालयले प्रमुख राष्ट्रिय पत्रिका मार्फत प्रकाशित गरेको छ । हामी यहाँहरु समक्ष घरेलु श्रममा बालबालिकाको प्रयोग नगर्न अनुरोध गर्दछौं । यदि यहाँको घरमा श्रमिकको रूपमा बालबालिकाको प्रयोग गरिएको भए शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको ग्यारेन्टीका साथ पारिवारिक पुनर्मिलनको व्यवस्था गर्न र आफ्नै घर परिवारमा पठाउन अनुरोध गर्दछौं । हामी आशा गर्दछौ की बालश्रम मुक्त नेपालको निर्माणमा यहाँको महत्वपुर्ण भुमिका रहने छ ।

## बालश्रम दण्डनीय छ, बालश्रम बन्द गरौं ।

सिविस, बुद्धनगर, काठमाण्डौ, सम्पर्क फोन: ०१ ४७८४५४५, ०१ ४७८१३८६,
इमेल : info@cwish.org.np, वेवसाइट: www.cwish.org.np
फेसबुक : www.facebook.com/cwishnepal

**सिविस हेल्पलाइन नि:शुल्क फोन: १६६० ०१ १००००**

CWISH

P1/2015

बालश्रम आधुनिक समाजको लागि लज्जाको विषय हो । आज पनि नेपालमा लाखौं बालबालिकाहरु श्रमरूपी नरकमा बाँच्न बाध्य छन् । एक्काइसौं शताब्दीको वैज्ञानिक युग र नयाँ नेपालको परिकल्पनाका साथ समाज अगाडी बढिरहेको अवस्थामा बालबालिका श्रमिकको रूपमा प्रयोग भइरहनु आधारभुत मानवअधिकारको हनन् हो । बालश्रमको प्रयोग गर्नु र हुन दिनु राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा हामीले प्रतिबद्धता गरेका मानवअधिकार संबन्धी सन्धी र संझौताविरूद्धको कार्य हो ।

## बालश्रम सामाजिक तथा कानुनी अपराध

कतिपय अभिभावकले आफना बालबालिकाले मिठो खान पाउँछन, राम्रो लाउँन पाउँछन भन्ने आशामा शहरमा काम गर्न पठाइएको पाइन्छ भने शहरमा कतिपय अभिभावकहरूले बालबालिकाहरूको कल्याण गरेको नाममा घरेलु श्रममा, होटल तथा साना चिया पसलमा बालबालिकाको प्रयोग गरिरहेको पाइएको छ । यसरी बालबालिकाहरु लाई श्रममा संलग्न गराउने उद्यमी, ब्यवसायी, सरकारी तथा निजी र गैससमा काम गर्ने ब्यक्तिहरु पनि पाइएको छ । बालबालिकालाई यसरी श्रममा संलग्न गराउनु कानुनी रूपमा अपराध हो ।

## यसै गरि बालश्रम (नियमित र निषेधित गर्ने) ऐन २०५६ ले निम्न ब्यवस्था गरेको छ

- १६ बर्ष मुनिका बालबालिकाहरूलाई कुनैपनि किसिमको श्रममा संलग्न गराउन पाईदैन ।
- कसैले पनि बालबालिकालाई ललाईफकाई, फुक्याई, डर त्रास, प्रलोभन, दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरूद्ध श्रमिकको रूपमा काममा लगाउनु हुदैन । इच्छा विपरित काममा लगाएमा १ वर्षसम्म कैद वा रू ५०,०००/- सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
- त्यस्तै १६ बर्ष भन्दा मुनिका बालबालिकालाई घरेलु श्रम जस्तो निकृष्ट प्रकारको श्रममा संलग्न गराउन बन्देज गरेको छ । यदि कसैले प्रयोग गरेमा १ बर्षसम्म कैद र रू ५०,०००/- सम्म जरिवाना वा दुबै दण्ड र सजाय हुन्छ ।

**घरेलु बाल श्रमलाई नेपाल सरकारले पनि निकृष्ट प्रकारको श्रमको रूपमा वर्गीकृत गरेको छ ।**

**तसर्थ बालबालिकाहरूलाई श्रममा संलग्न नगराऔं ।**

## घरेलु बालश्रमको विकल्प : घरेलुश्रममा युवा श्रमिकहरूको प्रवर्द्धन

अन्तर्राष्ट्रिय कानुन र राष्ट्रिय कानुनले बालश्रमलाई कानुनी तथा सामाजिक रूपमा दण्डनीय अपराधका रूपमा लिएको छ भने घरेलु बालश्रमलाई हटाई वयस्क घरेलुश्रमिकहरूको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओं) ले घरेलु श्रम संबन्धी महासंन्धी नं १८९ लाई पारित गरि सकेको छ । यस महासन्धीले घरेलुश्रमलाई पनि अरू श्रम जस्तै सम्मानित श्रमको दर्जा दिएको छ । हामीले पनि घरेलु श्रममा वयस्कहरूको प्रयोग गर्न सक्छौ जस्ले युवाहरूको रोजगारी सृजना गर्नुको साथै बालश्रम अन्त्यको लागी महत्वपूर्ण भुमिका खेल्दछ ।

**बालबालिकालाई श्रममा लगाउनु संविधान र कानुन विपरित काम गर्नु हो । त्यस्तै बालबालिका संबन्धी ऐन २०४८ ले पनि यसलाई दण्डनीय मानेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले कुनै पनि बालबालिकाहरूलाई कुनै किसिमको श्रम शोषण तथा दुर्व्यवहार गर्नुहुदैन भनेको छ ।**